# काठमाडौं महानगरपालिका कार्यालयको

# खुला प्रतियोगिताद्वारा पदपूर्ति सम्बन्धी दरखास्त आह्वानको सूचना

## सूचना नं.९/०७३/०७४

काठमाडौं महानगरपालिकामा रिक्त रहेका तपसीलका तह, सेवा र समूहका पदको खुला प्रतियोगिताद्वारा पदपूर्ति गर्नुपर्ने भएकाले नगर प्रहरी सम्बन्धी (पहिलो संशोधन) विनियमावली, २०७२ को परिच्छेद ४ को विनियम (१०) मा व्यवस्था भए बमोजिम सम्भाव्य उम्मेदवारहरुले काठमाडौं महानगरपालिका पदपूर्ति समितिबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई म्याद भित्र रितपूर्वकको दरखास्त दिन पदपूर्ति समितिको मिति २०७३।५।२६ गतेको **निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ।**

| क्र. सं. | वि.नं. | पद, तह र सेवा | खुला | समावेशी | जम्मा पद संख्या | परिक्षा मिति | | | | समय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आदिवासी जनजाती | | प्रथम पत्र<br>नेपाली र अंग्रेजी | द्धितीय पत्र<br>सेवा सम्बन्धी | तृतीय पत्र<br>सामान्य ज्ञान र बौद्धिक परीक्षा | चतुर्थ पत्र<br>नेपालको प्रचलित कानून | |
| १ | २३/०७३।७४ | नगर प्रहरी निरिक्षक, अधिकृत स्तर छैठौं (प्र) | २ | १ | ३(तीन) | २०७३/११/१८ | २०७३/११/१९ | २०७३/११/२० | २०७३/११/२१ | दिनको १:०० बजे |

द्रष्टव्य:

**परीक्षाको किसिम** :- लिखित परीक्षा, शारीरिक तन्दुरुस्ती परीक्षण तथा अन्तर्वार्ता।

**परीक्षा केन्द्र**:- पछि सूचना गरिने छ।

**परीक्षा दस्तुर**:- दरखास्त फाराम रु.१००(एक सय) र परीक्षा दस्तुर रु. १०००।- (एक हजार) का.म.पा. को नविल बैंकमा रहेको खाता नं.०२०६०१७५००४३६ मा बुझाएको सक्कल भौचर दरखास्त फाराममा संलग्न गरी पदपूर्ति समितिको सचिवालय,राष्ट्रिय सभागृह प्रदर्शनी मार्गमा बुझाउन पर्नेछ।

**दरखास्त दिने अन्तिम मितिः- २०७३।६।२१** सम्म (दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिन) तथा दोब्बर दस्तुर तिरी थप ७(सात) दिन भित्र

**परीक्षा दस्तुर बुझाउने स्थान :- पदपूर्ति समितिको सचिवालय, राष्ट्रिय सभागृह, प्रदर्शनी मार्ग।**

लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा शारिरिक तन्दूरुस्त परीक्षणको मिति तोकिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः**- सेवा, समूह सम्बन्धी।

तलबः- प्रचलित स्केल बमोजिम।

**आवश्यक न्यूनतम योग्यता**

१) दरखास्त आव्सन भएको सालको वैशाख १ गते २१ वर्ष उमेर पुगेको र २४ वर्ष ननाघेको तर खुला प्रतियोगितामा भाग लिने वहाल रहेको नगर प्रहरीको हकमा ३५ वर्ष ननाघेको २) स्वीकृत विश्व विद्यालयबाट घटीमा स्नातक वा सो सरह उत्तीर्ण गरेको ३) नैतिक पतन देखि नै कुनै फौजदारी अभियोगमा सजाय नपाएको ४) कुनै राजनीतिक पाटीको सदस्य नरहेको। ५) मानव अधिकार र मानवीय कानूनको उलंघनमा सजाय

नपाएको ६) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि खटिमा ५ फिट २ इन्च उचाई रहेको ७) छाती नफुलाउंदा घटिमा ३१ इन्च र फुलाउंदा ३३ इन्च भएको ।८) आंखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको । ९) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको । १०) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

**द्रष्टव्य:**

(क) दरखास्त दिने अन्तिम मिति सम्ममा सेवा, समूह सम्बन्धी ऐन, नियम अनुसार उमेर पुगेको र उमेरको हद ननाघेको हुनु पर्नेछ । काठमाडौं महानगरपालिकाको स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

(ख) नगर प्रहरी सम्बन्धी (पहिलो संशोधन) विनियमावली, २०७२ को परिच्छेद ४ को विनियम (१२) मा व्यवस्था भए बमोजिम अयोग्य नभएको हुनु पर्नेछ ।

(ग) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

(घ) पदपूर्ति समितिको सचिवालयद्वारा तोकिएको म्यादभित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(ङ.) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता तथा समावेशी तर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(च) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्ने र शैक्षिक योग्यता प्रदान गर्ने निकाय वा विश्वविद्यालयबाट प्राप्त हुने प्रमाणपत्र वा लब्धाङ्क विवरण, ट्रान्सक्रिप्ट प्राप्त गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ ।

(छ) परीक्षामा कालो मसीमात्र प्रयोग गर्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

(ज) लिखित परिक्षाको नतिजा प्रकाशन हुँदा शारीरिक तन्दुरस्ती परीक्षणको मिति तोकिने छ ।

अन्तर्वार्ता हुने मितिः शारीरिक तन्दुरस्ती परीक्षणको नतिजा प्रकाशित हुंदा प्रकाशन गरिने छ ।

(ज) पाठ्यक्रम का.म.पा. को Website: www.Kathmandu.gov.np बाट प्राप्त गर्न सकिने छ ।

**समावेशी समूहतर्फ दरखास्त दिंदा उम्मेदवारहरुसँग हुनुपर्ने थप कागजातहरु**

समावेशी समूहतर्फका विज्ञापनहरुमा दरखास्त दिन चाहने उम्मेदवारहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरु तयार गरी दरखास्त दिनु पर्दछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउंदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ । उल्लेखित कागजातहरु नभएमा जुनसुकै समय दरखास्त रद्द हुन सक्नेछ ।

१) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

**पदपूर्ति समितिको सचिवालय, राष्ट्रिय सभागृह**